# REGIONAL NEWS UNIT

BROADCAST: 18:40 hrs Date: 21.12.2025

CM-Rolu: Vishnu Neupane/Madhu Sharma

सिक्किम क्रान्तिकारी मोर्चा पार्टीको सत्रौँ रोलु दिवस आज रोलु मन्दिरमा सामान्य र आध्यात्मिक रूपमा मनाइयो। यस अवसरमा प्रार्थना, सांस्कृतिक विमोचन गरिनुका साथै राज्यभरिका वरिष्ठ पार्टी नेताहरू र समर्थकहरूको उपस्थिति रहेको थियो। यस अवसरमा मुख्यमन्त्री प्रेमसिंह तामाङले सिक्किम र सिक्किमवासीको कल्याण, सुशान्ति, सुख र समृद्धिका लागि प्रार्थना गर्दै, रोलु मन्दिरमा विशेष पूजाअर्चना गर्नुभयो। यस अवसरमा, मुख्यमन्त्रीले पार्टीको २०२६ को क्यालेन्डर र डायरीको औपचारिक विमोचन गर्नुका साथै पार्टीका पदाधिकारीहरूले तयार पारेका संगीतिक भिडियोहरू, क्रिकेट-थीम पार्टी भिडियो, सांस्कृतिक शाखाको "**रोलुको भूमि**" शीर्षकको भिडियो एल्बम र नयाँ डिजाइन गरिएको पार्टी टि-शर्टहरू लगायत पार्टीसँग सम्बन्धित धेरै रचनात्मक कार्यहरूको उद्घाटन गर्नुभयो। यसबाहेक, मुख्यमन्त्रीका प्रेस सल्लाहकार वीरेन्द्र ताम्लिङद्वारा लिखित पुस्तक "**युगान्तर**" को आधिकारिक रूपमा विमोचन गरियो। सभालाई सम्बोधन गर्दै, मुख्यमन्त्री श्री तामाङले रोलु मन्दिरको ऐतिहासिक र भावनात्मक महत्त्व अनि एसकेएम पार्टीको यात्राको सम्झना गर्नुभयो। मुख्यमन्त्रीले पार्टी गठन गर्दा आफूले रोलु मन्दिरमा सिक्किमका जनताको सेवा गर्ने प्रतिज्ञा गरेको र आज त्यो वाचा पूरा गरिरहेकोमा सन्तुष्टि व्यक्त गर्नुभयो। उहाँले यस वर्षको रोलु दिवस साकेवा, चासोक टोङनाम, लोसोङ-नामसोङ र क्रिसमस लगायत विभिन्न चाडपर्वहरू लगातार मनाइने भएकाले सामान्य रूपमा मनाइएको उल्लेख गर्दै, पार्टी कार्यकर्ता र

समर्थकहरूको बलियो उपस्थितिप्रति खुसी व्यक्त गर्नुभयो। साथै, उहाँले पार्टी स्थापना समारोह भविष्यमा लगातार तीन दिनसम्म मनाइने घोषणा पनि गर्नुभयो।

## Pulse Polio: IPR

सिक्किम सरकारको स्वास्थ्य तथा परिवार कल्याण विभागको राज्य खोप प्रकोष्ठले राज्य सूचना, शिक्षा तथा सम्पर्क ब्यूरो र शहरी प्राथमिक स्वास्थ्य केन्द्र, गान्तोकसँगको समन्वयमा आज एमजी मार्गमा पल्स पोलियो सुरु गऱ्यो। गान्तोक नगर निगमका पार्षद डिकी ल्हामु लेप्चाले कार्यक्रमको औपचारिक उद्घाटन गर्नुभयो। कार्यक्रममा शुन्यदेखि ५ वर्ष उमेरका बालबालिकाहरूलाई पोलियो खोपको महत्त्वमा जोड दिइनुका साथै सिक्किमलाई पोलियोमुक्त राख्न समयमै खोप आवश्यक छ भन्ने सन्देशलाई जोर दिइयो। अभिभावकहरूलाई प्रत्येक योग्य बच्चालाई नजिकको पोलियो बुथमा पोलियो खोप दिनका लागि ल्याउन प्रोत्साहित गरिएको छ। पल्स पोलियोको सहज पहुँच र अधिकतम पहुँच सुनिश्चित गर्न राज्यभरि रणनीतिक स्थानहरूमा ट्रान्जिट बुथहरू सहित ८०० भन्दा बढी पोलियो बुथहरू स्थापना गरिएका थिए।

## Lachung Dzomsa Elections: IPR

जोम्सा प्रणालीको पुरानो रीतिरिवाज र परम्परागत प्रक्रिया अनुसार हिजो लाचुङ थोम्ची मैदानमा चुनाव सम्पन्न भयो। लेमा ब्लकका सोनाम छिरिङ लाचुङ्पा र लाचुङको खेडुम ब्लकका चुङटुक छिरिङ लाचुङ्पा, लाचुङ जोम्साको पिपोनका रूपमा निर्वाचित हुनुभएको छ। चुङथाङका अतिरिक्त जिल्लापाल र महकुमा अधिकारीको उपस्थिति रहेको यो चुनाव

प्रक्रिया शान्तिपूर्ण ढङ्गमा सम्पन्न भयो। मतदानमा स्थानीय समुदायको सक्रिय सहभागिता रहेको थियो।

## JITENDRA SINGH-EV EXP: NSD

केन्द्रीय विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले आज नयाँ दिल्लीमा विद्युतीय सवारी साधन एक्स्पोको भ्रमणका क्रममा विद्युतीय गतिशील उद्यमशीलता, रोजगारी र जीविकोपार्जनको एक शक्तिशाली इन्जिनका रूपमा उदाइरहेको बताउनुभयो। उहाँले सरकार-समर्थित पारिस्थितिक प्रणालीले युवा उद्यमीहरूलाई सामान्य लगानीका साथ विद्युतीय सवारी साधनसँग सम्बन्धित उद्यमहरू सुरु गर्न र उच्च कारोबार गर्ने उद्यमहरूमा स्तरोन्नति गर्न सक्षम बनाएको जानकारी दिँदै, विद्युतीय गतिशीलताले नवप्रवर्तन-सञ्चालित वृद्धि, आत्मनिर्भरता र दिगो विकासका लागि आशाजनक मार्गको प्रतिनिधित्व गर्दछ भन्नुभयो।

## MANDAVIYA- SUNDAY ON CYCLE: NSD

केन्द्रीय युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख मान्डवियाले हिजोआज **सन्डे अन साइकल** अर्थात् आइतबार साइकल सवारी कार्यक्रम मानिसहरूमाझ जोस र संस्कृति बनेको बताउनुभयो। डा. मान्डवियाले **सन्डे अन साइकल** कार्यक्रमको पहिलो वार्षिकोत्सवका अवसरमा आज यो पहल फिटनेसलाई प्रवर्धन गर्न र मोटोपनसँग लड्न सुरु गरिएको बताउनुभयो। साथै, उहाँले यस कार्यक्रमले मानिसहरूलाई प्रदूषण कम गर्ने समाधानका रूपमा साइकल चलाउन प्रोत्साहित गर्ने बताउँदै, जनसहभागिता उल्लेखनीय रूपमा बढेको जानकारी

दिनुभयो। श्री मान्डभियाले यो पहल पाँच स्थानमा केवल ५०० सहभागीबाट सुरु भएको र अहिले देशभरि लगभग ८ हजार स्थानमा आयोजना भइरहेको जानकारी दिनुभयो।

---------